# धादिङ जिल्ला अदालत

धादिङ्गबेशी

## सूचना सूचना सूचना ।।।

यस अदालतमा दर्ता हुन आउने बालबालिकाले गरेका कसूरजन्य कार्यको कारवाही सुनुवाई किनारा गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३० को उपदफा (३) र (४) को प्रयोजनको लागि समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञ नियुक्त गर्नुपर्ने हुँदा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ को उपदफा (१) बमोजिम सूचिकृत भएका देहायका योग्यता पुगेका उम्मेदवारहरुबाट बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को परिच्छेद-३ को नियम-१३ र १४ बमोजिम ३० दिन भित्र यस अदालतको प्रशासन शाखामा दरखास्त दिनुहुन सूचित गरिन्छ ।

---

**समाजसेवीको योग्यता**

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बाल विकास वा बाल अधिकारको विषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा समाज सेवाका सम्बन्धमा कम्तिमा एक महिनाको तालिमा प्राप्त गरेको,

(ख) फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको ।

**बाल मनोविज्ञ वा बाल विशेषज्ञको योग्यता**

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान विषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा मनोविज्ञानका सम्बन्धमा कम्तिमा दुई महिनाको तालिमा प्राप्त गरेको,

(ख) फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको ।

**सम्पर्कः धादिङ जिल्ला अदालत प्रशासन शाखा फोन नं. ०१०-५२०४१२**

**द्रस्टव्यः उक्त म्याद भित्र दरखास्त नपरे वा दरखास्त रितपुर्वकको नभएमा सो दरखास्त उपर कुनै कारवाही हुने छैन ।**